चैनपुर नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः९, सङ्ख्याः३, मितिः२०८२ साल माघ २६**

## भाग-२

## चैनपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, सङ्खुवासभा, नेपाल

चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले चैनपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

२०८२ सालको कार्यविधि नं. ३(तीन)

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१०/२६ गते**
**राजपत्रमा प्रकाशित मितिः २०८२/१०/२८ गते**

**चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी(पहिलो संशोधन) कार्यविधि, २०८२**

प्रस्तावनाः चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले चैनपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१)यो कार्यविधिको नाम चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी(पहिलो संशोधन) कार्यविधि, २०८२

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ मा थप**ः चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा (१) मा ठ संशोधन थप गरी कार्यालयले उपभोक्ता समितिलाई अनुसूची-१ (क) बमोजिमको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था गरिएको छ ।

(३) **चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १३ पछि नयाँ दफा १३(क) थपः** चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १३ पछि नयाँ दफा १३(क) थप गरी १३(क) मर्मत सम्भार तथा आयोजना हस्तान्तरण सम्बन्धी व्यवस्थाः (१) निर्माण कार्य सम्पन्न भएपछि कार्यालयले सो आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी अनुसूची ६ (क) बमोजिमको ढाँचामा आयोजनाको स्वामित्व उपभोक्ता समिति, सामुदायिक संस्था वा आयोजना सञ्चालनको अख्तियारी पाएको निकायलाई हस्तान्तरण गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम हस्तान्तरित आयोजनाबाट सेवा उपयोग गरे वापत उपभोक्ता समितिले नगरको प्रचलित कानून बमोजिमको प्रकृया पुरा गरी सेवा शुल्क तोक्न सक्नेछ।

(३) उपभोक्ता समितिले उपदफा (२) बमोजिम तोकेको सेवा शुल्क जम्मा गर्न कोष खडा गरी सोही कोषबाट आयोजनाको सञ्चालन र मर्मत सम्भार गर्नुपर्नेछ ।

(४) आयोजनाको लागत अनुमानमा उल्लेख गरेको मर्मत सम्भार कोषमा उपलब्ध गराउन छुट्याइएको रकम आयोजना हस्तान्तरण भएपछि मात्र समितिको कोषमा जम्मा गरिनेछ ।

(५)मर्मत सम्भार कोषको खाता उपभोक्ता समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

(६) उपभोक्ता समितिको साधारण सभाबाट मर्मत सम्भार कोषबाट भएको खर्चको विवरण पेश गरि अनुमोदन गर्नुपर्नेछ  भन्ने व्यवस्था गरिएको छ।

(४) **चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को अनुसुची २ को कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरु मा ४ (क) थप**ः ४(क) नगरपालिकाले उपभोक्ता समिति एवं अन्य साझेदारहरुसगँको  साझेदारीमा गरिने आयोजना क्रियाकलापमा संलग्न कामदार श्रमिकहरुको सामुहिक जोखिम बिमा उपभोक्ता समिति मार्फत गराउनु पर्ने छ ।

**अनुसूची-१(क)**

**(कार्यविधिको दफा ४ (१) (ठ) सँग सम्बन्धित )**

**चैनपुर नगरपालिका**

**संखुवासभा**

**उपभोक्ता समिति दर्ता प्रमाण-पत्र**

दर्ता नम्बरः................. मितिः.............

यस चैनपुर नगरपालिकाको वडा नं.......को................टोलमा..........................कार्य गर्नका लागि मिति............. मा सम्बन्धित उपभोक्ताको भेलाबाट उपभोक्ता समिति गठन गर्ने निर्णय भए बमोजिम उपभोक्ता समितिको...............को बैठकको निर्णयबाट समिति दर्ताको लागि निवेदन प्राप्त भएको हुँदा मिति............... को निर्णयानुसार समिति दर्ता गर्ने निर्णय भएकोले उपभोक्ता समिति दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

उपभोक्ता समिति दर्ता नम्बरः.....................(आर्थिक वर्ष )

उपभोक्ता समितिको नामः

उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नम्बरः

दर्ता प्रमाणपत्र मान्य रहने अवधिः ..................... असार मसान्तसम्म ।

प्रमाणपत्र जारी गर्नेको

दस्तखतः

नाम, थरः

पदः प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-६(क)**

**(कार्यविधिको दफा १४(१) सँग सम्बन्धित)**

**आयोजना हस्तान्तरण फाराम**

चैनपुर नगरपालिका वडा नं........मा सञ्चालित मिति......../..../....मा शुरु भई मिति......../..../.... मा सम्पन्न भएको ................... आयोजना मिति................... मा यस नगरपालिकामा सूचीकृत भई प्रमाण पत्र नं................प्राप्त गरेको............ शूल्क/मर्मत सम्भार शुल्क लिई नगरपालिकाले तोकी दिए बमोजिम उक्त आयोजनाको मर्मत सम्भार गर्ने नगरपालिका तथा उपभोक्ता समिति दुवै पक्ष सहमत भई आज मिति.........मा सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण र सुचारु अवस्थामा राख्ने सहमति भएको छ । यस आयोजना प्रति उपभोक्ता समितिले देखाएको चाख, विश्वास, धैर्य र सक्रिय सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गरिएको छ ।

| नगरपालिकाको तर्फबाट (हस्तान्तरण) | उपभोक्ता समितिको तर्फबाट |
|---|---|
| हस्तान्तरण गर्नेः | हस्तान्तरण लिनेः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | समिति/समुदायः |

**साक्षीहरूः**

| कार्यालयको तर्फबाट | | | | समुदायको तर्फबाट | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **नाम** | **पद** | **हस्ताक्षर** | **क्र.सं.** | **नाम** | **पद** | **हस्ताक्षर** |
| | | | | | | | |
| | | | | | | | |

योजना/आयोजना हस्तान्तरणका शर्तहरुः

१. मर्मत सम्भार कोष सम्बन्धी व्यवस्था- यस योजनाको दिगो उपयोगका लागि योजनासँग सम्बद्ध संरचनाहरूको समायोजित मर्मत सम्भारको व्यवस्था यस उपभोक्ता समिति/मर्मत सम्भार उपभोक्ता समितिले गर्नेछ ।

२. मर्मत सम्भार कोष सम्बन्धी व्यवस्थाका लागि उपभोक्ता समितिले एक मर्मत सम्भार कोष खडा गर्नेछ जसमा निम्न बमोजिमका रकमहरू जम्मा गरिनेछ ।
   क. जि.स.स./नगरपालिका/वडा वा अन्य निकायबाट प्राप्त रकम,
   ख. योजनाबाट उपलब्ध सेवा उपयोग गरे बापत उपभोक्ताहरुबा६ उठाएको रकम,

३. उपभोक्ता समितिले योजनाको उपयोग गरे बापत प्रति व्यक्ति/घरधुरीले देहाय बमोजिम रकम प्रति महिना/वर्ष उठाउन सक्नेछः-
   क. सिंचाई योजनाको हकमाः सिंचित क्षेत्रफल प्रति रोपनी/हेक्टर प्रति महिना/वर्ष रु. ...../-
   ख. खानेपानी योजनाको हकमाः प्रति घरधुरी प्रति महिना रु. ...../-
   ग. विद्यालयको हकमा प्रति परिवार रु. ...../-
   घ. सामुदायिक भवन प्रति परिवार रु. ...../-
   ङ. सडक/ कल्भर्ट प्रति परिवार रु. ...../-
   च. अन्य उत्पादन मूलक वा आर्थिक क्रियाकलापसँग सम्बन्धित योजना प्रति सदस्य रु. ...../-
   छ. पदमार्गको प्रयोग प्रति सदस्य रु. ...../-
   ज. पदमार्गको दायाँ बाया संरचना टहरा बनाइ प्रयोग प्रति संरचना वर्ग एकाइको (......) रु........

**आज्ञाले,**

**ओमकार प्रसाद न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**